# महिला तथा बालिकाविरूद्ध भएका हिंसासम्बन्धी घटनाको अध्ययन प्रतिवेदन[1]

'**लैङ्गिक समानताको बलियो आधारः सिर्जनात्मक प्रविधिमा महिला पहुँचको विस्तार**' भन्ने मूल नाराका साथ १ सय १३ औं अन्तर्राष्ट्रिय महिला दिवस मनाइँदै छ । नेपाल संयुक्त राष्ट्रसङ्घले जारी गरेको महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि-१९७९ को पक्ष राष्ट्र हो । यो महासन्धिलगायत विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा महिलासँग सम्बन्धित अन्तर्राष्ट्रिय प्रावधानहरूमा नेपालले प्रतिबद्धता जनाएको छ । नेपालमा महिला अधिकारका सम्बन्धमा नीतिगत तथा कानुनी संरचनामा लोकतन्त्र स्थापनासँगै सुधार आएको भएपनि तिनीहरूको कार्यान्वयनमा भने अझै सुधारको खाँचो रहेको छ । महिलासँग सम्बन्धित कानुनी प्रावधान एवम् राजनीतिक सहभागिताको अवस्थामा उल्लेख्य सुधार हुँदाहुँदै पनि नेपालका महिला विभिन्न खाले संरचनात्मक एवम् लैङ्गिक हिंसाबाट पीडित हुँदै आएका छन् । मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको अनुगमन गर्दै आएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले गरेको अभिलेख अनुसार सन् २०२२ मा महिला तथा बालिकाविरूद्ध भएका हिंसात्मक घटनाहरूमा कमी आउन सकेको छैन ।

| क्रसं | घटनाको प्रकार | पीडित सङ्ख्या, २०२१ | | पीडित सङ्ख्या, २०२२ | |
|---|---|---|---|---|---|
| | | महिला | बालिका | महिला | बालिका |
| १ | बेचबिखन तथा ओसारपसार | ४२ | २७ | २४ | ३९ |
| २ | बेचबिखन तथा ओसारपसार प्रयास | १६ | | २४ | |
| ३ | बलात्कार | ६४९ | १०४३ | ६०५ | १००९ |
| ४ | बलात्कार प्रयास | १७७ | | १४५ | |
| ५ | यौन दुर्व्यवहार | ६१ | ३५९ | ४२ | ३२६ |
| ६ | घरेलु हिंसा | २०५९ | | ३०३१ | |
| ७ | बहुविवाह | ३४५ | | ३३३ | |
| ८ | बालविवाह | | ३९ | | ३० |
| ९ | परिवारजनबाट हत्या | ११२ | | १११ | |
| १० | दाइजोका कारण हत्या | ६ | | १ | |
| ११ | 'बोक्सी'को आरोप | ३१ | | २३ | |
| **१३** | **जम्मा** | **३४९८** | **१४६८** | ४३३९ | १४०४ |

यो अध्ययन प्रतिवेदन मुलुकका सबै जिल्लाबाट प्राप्त घटनाहरूलाई इन्सेकले अभिलेख गरेको तथ्य तथ्याङ्कहरूको आधारमा तयार पारिएको हो । नेपाली समाजमा भएको सामाजिक, आर्थिक तथा राजनीतिक परिवर्तन, मानिसमा वृद्धि भएको चेतनास्तर, साक्षरतामा भएको वृद्धि, कानुनी तथा प्रशासनिक संयन्त्रमा गरिएको सुधारका प्रयासले जनमानसमा महिलाप्रतिको दृष्टिकोणमा आएको परिवर्तन, समाज तथा घरभित्र गरिने व्यवहार र कानुनी संयन्त्रमा गरिएको सुधारले महिला हिंसाका घटना प्रकाशमा ल्याउन मद्दत पुगेको छ । इन्सेकले महिलाको मानव अधिकारको अवस्थाको अनुगमन गर्ने क्रममा असमान ज्याला, पारम्परिक विभेद, सुरक्षित यौन तथा प्रजनन् अधिकारका पीडितको

[1] सन् २०२२ को जनवरीदेखि डिसेम्बरसम्म

अभिलेखन भएको छैन । कतिपय अवस्थामा पीडितले नै घटना बाहिर ल्याउन नचाहने कारण पनि यस्ता पीडित तथ्याङ्कमा समेटिएका छैनन् ।

यस वर्ष बेचबिखन तथा ओसारपसारका घटनामा २४ जना, बेचबिखन तथा ओसारपसार प्रसासका घटनामा २४ जना, घरेलु हिंसाका घटनामा ३ हजार ३१ जना, 'बोक्सी'को आरोपमा २३ जना, बलात्कारका घटनामा ६ सय ५ जना, बलात्कार प्रयासका घटनामा १ सय ४५ जना, यौन दुर्व्यवहारका घटनामा ४२ जना महिला पीडित भएको अभिलेख भयो ।

मानव अधिकारमध्ये सबैभन्दा ठूलो अधिकार जीवनको अधिकार हो । तर, विभिन्न बहानामा महिलाहरूको हत्या हुने गरेको छ । यस वर्ष परिवाजनबाट १ सय ११ जना महिलाको हत्या भयो । गत वर्ष यो सङ्ख्या १ सय १२ थियो । भनेजति दाइजो नल्याएको आरोपमा एक जना महिलाको हत्या भयो भने सोही कारणले २५ जना महिला हिंसामा परेको अभिलेख भयो । परिवारजनबाट महिला मारिएका केही घटनामा पीडितपक्षले हत्याको आरोप लगायो भने आरोपित पक्षले आत्महत्या गरेको भनी बताएको पाइयो । पोष्टमार्टम रिपोर्टमा आत्महत्या देखिएको भन्दै प्रहरीले उजुरी नै नलिएका घटना पनि अभिलेख भए । वैवाहिक बलात्कारका घटनामा १५ जना महिला पीडित भए ।

नेपालको जनसङ्ख्याको ठूलो हिस्सा बालबालिकाको छ । बालबालिकामाथि विविध किसिमका शोषण विद्यमान छ । शारीरिक रूपमा पनि बालबालिका वयष्क भन्दा कमजोर हुन्छन् । सोच्ने शक्ति पनि क्रमश विकास हुँदै गरेको अवस्थाले गर्दा बालबालिकालाई विशेष हेरचाहको आवश्यकता हुन्छ । इन्सेकले गरेको अभिलेख अनुसार १ हजार ४ सय ४ जना बालिका पीडित भए । जसमध्ये बलात्कारका घटनामा १ हजार ९, यौन दुर्व्यवहारका घटनामा ३ सय २६, बेचबिखन तथा ओसारपसारका घटनामा ३९ जना र बाल विवाहका घटनामा ३० जना बालिका पीडित भएको अभिलेख भयो ।

---

## प्रतिनिधिमुलक घटनाहरू

### घटना-१

**रा**मेछापको खाँडादेवी गाउँपालिका-३ भिरपानीकी ५२ वर्षीया बीबा माझीको ०७९ असोज ९ गते स्थानीयले पितृ उत्रिएको भन्दै चामल प्रहार गर्दै लछारपछार गर्दा मृत्यु भयो । घटनामा पीडितकी ७० वर्षीया आमा सुनमाया माझी घाइते भइन् । सोह्रश्राद्ध समापनका दिन असोज ९ गते पितृ चढेको भन्दै काम्न थालेका केही स्थानीयले आमाछोरीको नाम लिएपछि आरोपितहरू पीडितको घरमा जम्मा भएका थिए । पितृ उत्रिएपछि चामल प्रहार गरी दोष उतार्नुपर्ने अन्धविश्वासका कारण स्थानीयले चार बोरा चामल जम्मा पारेका थिए । लगत्तै स्थानीयले पीडितद्वयलाई लछारपछार गर्दै चामल प्रहार गरे । पितृको आदेश भन्दै मुठ्ठीका मुठ्ठी चामल प्रहार तथा लछारपछार गर्दा माझीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, रामेछापका इन्स्पेक्टर दिलिपकुमार थापाले जानकारी दिए ।

शवको पोष्टमार्टम ०७९ असोज ११ गते मेडिकल शिक्षण अस्पताल, दुवाकोट, भक्तपुरमा भयो । पीडित पक्षले आरोपितविरुद्ध असोज ११ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दियो । घटनामा संलग्न भएको आरोपमा खाँडादेवी गाउँपालिका-३ भिरपानी सित्खाका ३७ वर्षीय शिवबहादुर माझी, ४० वर्षीया राधिका माझी, १७ वर्षीया बालिका, १९ वर्षीय भरत माझी, २० वर्षीय सुरज माझी, १६ वर्षीया बालिका, १९ वर्षीया मनीषा माझी, १६ वर्षीय बालक, २६ वर्षीय धनबहादुर माझी र १९ वर्षीय राजेश माझी र २१ वर्षकी सिर्जना माझीविरुद्ध असोज ११ गते जिल्ला प्रहरी कार्यालय, रामेछापमा उजुरी दर्ता भयो । आरोपित विरूद्ध कात्तिक २ गते जिल्ला अदालत, रामेछापमा कर्तव्य ज्यान शीर्षकमा

मुद्दा दर्ता भएकोमा न्यायाधीश इन्दिरा शर्माको इजलासले सोही दिन आरोपित बालबालिकालाई बाल सुधार गृह भक्तपुर र अन्यलाई पुर्पक्षका लागि रामेछाप कारागार पठाउने आदेश दियो । यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन ।

**घटना-२**

**महोत्तरीको** रामगोपालपुर नपा-५ बस्ने २१ वर्षीया पत्नी नेहा चौधरीलाई असोज २० गते दाइजोका कारण घरेलु हिंसा गरेको आरोपमा प्रहरीले ३५ वर्षीय पति डा. पङ्कज चौधरीलाई मङ्सिर २७ गते गिरफ्तार गर्‍यो । पत्नी नेहाले दाइजो तथा घरेलु हिंसा विरुद्ध दिएको उजुरीको आधारमा आरोपित डा. पङ्कजलाई गिरफ्तार गरेको महोत्तरी जिल्ला प्रहरी कार्यालय, जलेश्वरका डीएसपी सन्तोष पोखरेलले बताए । पीडितले आरोपित विरुद्ध ०७९ असोज २१ गते महोत्तरी जिल्ला अदालतमा घरेलु हिंसा विरुद्ध उजुरी गर्ता गराएकी थिइन् भने मङ्सिर १९ गते सोही अदालतमा दाइजोका विरुद्धमा पनि मुद्दा दायर गरेकी छिन् । गत वर्षको फागुनमा नेहा र पङ्कजको सामाजिक परम्परा अनुसार विवाह भएको थियो । विवाहमा नेहाको माइत पक्षले नगद र सुनचाँदी गरी १ करोड २५ लाख रुपियाँ खर्च गरेको नेहाले दावी गर्दै आएकी छिन् । आरोपित पङ्कजले काठमाडौँमा घर किनिदिन माइतीपक्षलाई भन्न दबाब दिँदै कुटपिट तथा यातना दिने गरेको पीडित नेहाको आरोप छ । जिल्ला अदालत, महोत्तरीका न्यायाधीश हरिप्रसाद शर्मा उपाध्यायको इजलासले आरोपितलाई पुस २२ गते पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको छ ।

**घटना-३**

**रौ**तहटको बृन्द्रावन नगरपालिका-६ सिसवा धमौराकी २० वर्षीया सविता भनिने सन्जुकुमारी दासको ०७९ साउन २ गते दाइजोका कारण परिवारले हत्या गरेको आरोपमा पीडितका बुबा रामचन्द्र दास तत्माले साउन १० गते इलाका प्रहरी कार्यालय, गरुडामा उजुरी दिएको डिएसपी बरुणबहादुर सिंहले बताए । कटहरिया नगरपालिका-५ बलिरामपुरकी सन्जुकुमारी दास र बृन्द्रावन नगरपालिका-६ का रमाकान्त दासबीच एक महिना अगाडिमात्र विवाह भएको थियो । विवाहलगत्तै दाइजो पीडित र माइतीपक्षलाई मानसिक तनाव दिने गरेको आरोप पीडित पक्षको रहेको छ । साउन २ गते राती ज्वाइँले पीडितकी दाजुलाई फोन गरेर तपाईंको बैनीको मृत्यु भयो भनी फोन काटेका थिए । सो सूचना लगत्तै माइतीपक्ष घटनास्थल पुगेका थिए । माइती पक्षले मृतकको ससुरा ५० वर्षीया चन्देश्वर दास, ४५ वर्षीया सासु शिवादेवी, १७ वर्षीया देवर उमाकान्त दास, १९ वर्षीया नन्द रञ्जना दास, ५५ वर्षीया ठूला ससुरा बिन्देश्वर दासविरुद्ध किटानी जाहेरी दिएका थिए । शवको पोष्टमार्टम साउन ३ गते शिक्षण अस्पताल, काठमाडौँमा भयो । मृतकका सासु शिवादेवी दास र पति रामाकान्त दासलाई प्रहरीले ०७९ साउन १० गते गिरफ्तार गर्‍यो । जिल्ला अदालतको ०७९ भदौ ७ गतेको आदेशले आरोपितहरू मध्ये सासु शिवादेवीलाई पुर्पक्षको लागि थुनमा पठाउने आदेश भयो भने पति १ लाख रुपियाँ धरौटी तारेखमा रिहा भए । यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन । घटनाका अन्य आरोपित यस वर्षको अन्त्यसम्म फरार छन् ।

**घटना-४**

**मो**रङको सुन्दरहरैंचा नगरपालिका-७ की १८ महिने बालिका करिश्माकुमारी केवटलाई ०७८ फागुन २७ गते अपहरण पश्चात सामूहिक बलात्कारपछि हत्या गरेको आरोपमा सुन्दरहरैंचा नगरपालिका-७ का २५ वर्षीय अजय चौधरी र उनका २८ वर्षीय दाजु मिथुन चौधरीविरुद्ध पीडित पक्षले फागुन २८ गते इलाका प्रहरी कार्यालय बेलवारीमा उजुरी दियो । आरोपितहरूलाई प्रहरीले

फागुन २८ गते सुन्दरहरैंचा नगरपालिका-७ बाट गिरफ्तार गरी फागुन २९ गते सार्वजनिक गऱ्यो । आरोपितहरूले बालिकालाई फागुन २७ गते साँझ आँगनमा खेलिरहेको अवस्थामा अपहरण गरी घरदेखि १ सय ५० मिटर टाढा गछिया खोलाको झाडीमा लगेर बलात्कार पश्चात बियरको बोतल र ढुङ्गाले हिर्काएर अचेत अवस्थामा छाडेका थिए । बालिकाको उपचारको क्रममा फागुन २७ गते राति विराटनगरस्थित नोवेल मेडिकल अस्पतालमा मृत्यु भएको पीडितका ३४ वर्षीय बाबु राजकुमार केवटले बताए । घटनाका विषयमा चैत १ गते इन्सेकले स्थलगत अनुगमन गऱ्यो । आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा चैत २१ बलात्कार र कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश शिशिरराज ढकालको चैत २२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो । शवको पोष्टमार्टम फागुन २८ गते वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भयो । सोही दिन पीडित पक्षले शव बुझी सुन्दरहरैंचा नगरपालिका-७ स्थित घाटमा अन्तिम संस्कार गऱ्यो । सन् २०२२ को अन्त्यसम्म मुद्दा फैसला भएन ।

## निष्कर्ष

महिला विरूद्ध हुने हिंसाका घटनालाई गम्भीर प्रकारको अपराधको रूपमा स्वीकार गरिएको भए पनि महिला र पुरुषबिच रहेको असमान शक्ति सन्तुलन, महिलाको आर्थिक परनिर्भरता र कानुनको कमजोर कार्यान्वयन अवस्था रहिरहेसम्म यस किसिमका अपराधमा कमी आउँदैन । यद्यपि सबै सरोकारवालाहरूको संयुक्त प्रयास र कानुनको प्रभावकारी कार्यान्वयनले महिलाविरुद्ध हुने हिंसाका घटनालाई न्यूनीकरण गर्न भने अवश्य सकिन्छ । सरोकारवालाको पहल र प्रयासमा हिंसा न्यूनीकरणका क्रियाकलाप तत्कालै सञ्चालन गर्नु आवश्यक छ । गरिबी, अशिक्षा र आर्थिक सशक्तिकरणका कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाउन सके महिलामाथि हुने हिंसाका घटनामा कमी ल्याउन सहायकसिद्ध हुनेमा दुई मत छैन ।

अन्धविश्वास, परम्परागत सामाजिक संरचना, विभेदपूर्ण नीति र कानुनहरू, कानुन कार्यान्वयन गर्ने निकायको लैङ्गिक जवाफदेहिता कमजोर हुनुलगायतका कारणले महिला हिंसा बढी संवेदनशील बन्न पुगेको छ । विभेद, बहिष्करण र हिंसाको चक्रमा पर्ने महिलाको लैङ्गिक पहिचान र अधिकार विभेदकारी संस्कार, संस्कृति, अभ्यास र मनोवृत्तिका कारण पीडाको दुष्चक्रबाट मृत्युको अन्तिम संस्कारसम्म प्रताडित भइराख्नुपरेको यथार्थ घटनाको सङ्ख्या र प्रवृत्तिमार्फत प्रकट भएको छ ।

महिलाविरुद्ध हुने हिंसाका घटनालाई गम्भीर प्रकारको मानवीय अपराधको रूपमा स्वीकार गरिएको भए पनि महिला र पुरुषबीच रहेको असमान शक्ति सन्तुलन, उत्पादन र वितरण प्रणालीमाथिको पहुँच र नियन्त्रण तथा कानुनको कमजोर कार्यान्वयन अवस्था रहिरहेसम्म ज्यादतीको यो क्रम रोकिने छैन । मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा नीतिगत व्यवस्था अनुकूल राज्यले नागरिकका आधारभूत अधिकार सुनिश्चित गर्न प्रतिकार्य संयन्त्रको क्षमता, स्रोत तथा संरक्षणमैत्री शासकीय प्रणाली सुनिश्चित गर्दै अधिकार उल्लङ्घन हुने क्रम घटाउने तथा अधिकार उल्लङ्घन र ज्यादती पीडितको न्यायमा पहुँच स्थापना गर्दै छिटो न्याय सुनिश्चित गर्न जरुरी भएको छ । महिलाविरूद्धको अन्याय, विभेद र हिंसाको दुष्चक्र अन्त्य गर्न सशक्त नागरिक आवाज र जिम्मेवार तथा जबाफदेही कानुन कार्यान्वन गर्ने निकाय तथा न्याय प्रणालीको र उत्थानशील संरक्षण संयन्त्र आजको आवश्यकता बनेको छ ।

## सुझावहरू

- अदालतसम्म पुगेका घटनाको न्याय पनि निकै कम रहेकाले अदालती प्रक्रियालाई छिटोछरितो बनाउनु पर्ने ।
- थोरै न्याय र धेरै मेलमिलापका कारण पीडित महिला न्यायिक निरूपण गर्ने निकायसम्म जाँदैनन् । तसर्थ न्याय निरूपणमा ध्यान दिनु पर्ने ।
- महिलामैत्री कानुन बनाउने सम्बन्धमा सर्वोच्च अदालतले गरेका आदेश र निर्देशनको पालना हुनुपर्ने ।
- छिटो न्यायका लागि *फाष्ट ट्र्याक* अदालत तथा पारिवारिक अदालतको गठन गर्नुपर्ने ।
- घरेलु हिंसाका प्रकृतिअनुरूप सजायको कानुनी प्रावधान तर्जुमा गर्नुपर्ने ।
- 'बोक्सी'को आरोपमा गरिएका प्रताडना र दुर्व्यवहारबाट भएको मानसिक, सामाजिक, पारिवारिक पीडाबोधको कुनै हर्जाना हुन सक्दैन । पीडकबाट प्राप्त जरिबाना यसर्थ हानिपूरण स्वरूप पीडितलाई उपलब्ध गराउनुपर्ने ।
- हिंसा पीडित महिलालाई संरक्षण गर्न ल्याइएको संरक्षण गृहलाई ७७ ओटै जिल्लामा व्यवस्थित गर्नुपर्ने साथै यस्ता महिलालाई स्वआर्जन, आयआर्जन तथा रोजगारका लागि राज्यले नीति निर्माण गर्नुपर्ने ।
- यौन हिंसाका घटनाहरूमा मेलमिलाप गर्न/गराउन नहुने । कसैले गराएमा कडाभन्दा कडा कारवाही गर्नुपर्ने ।
- यौन हिंसाका घटनामा द्रुत तथा निष्पक्ष छानविन गर्नुपर्ने ।
- प्रधानमन्त्री कार्यालयअन्तर्गत रहेको महिला हिंसा विरुद्धसम्बन्धी कार्यालयलाई महिला हिंसासम्बन्धी अध्ययन अनुसन्धान गर्ने निकायका रूपमा परिचालन गर्नु पर्ने ।
- अन्तर्राष्ट्रिय सन्धिसम्बन्धी प्रतिबद्धताको लागि राष्ट्रिय कानुनहरूमा सोही अनुरूपको परिमार्जन गर्नु पर्ने ।
- महिला तथा बालिकाविरूद्ध हुने हिंसाका घटनाको उजागर गर्न नागरिक समाज, सञ्चार माध्यमलगायत सरोकारवालाहरू सक्रिय हुनुपर्ने ।

इन्सेक insec
मानव अधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषाः २७२६, काठमाडौँ
फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१
इमेलः insec@insec.org.np, वेबसाइटः www.insec.org.np, www.inseconline.org